## एच.आई.भी. का लक्षण तथा चिन्हहरू :

- विनाकारण १ महिनामा १०% भन्दा बढी तौल घट्दै जानु
- एक महिनाभन्दा बढी पखाला लागिरहनु
- एक महिनाभन्दा बढी ज्वरो आइरहनु
- मुखभित्र ढुसी देखिनु
- जुनसुकै स-साना रोगले आक्रमण गर्नु ।

## एच.आई.भी. संक्रमणबाट कसरी बच्न सकिन्छ ?

- असुरक्षित यौन सम्पर्क नगर्ने ।
- एक पटक प्रयोग गरिएका सिरिन्ज सुई पुन: प्रयोग नगर्ने र छाला छेड्ने औजारहरु निर्मलीकरण गरेर मात्र प्रयोग गर्ने ।
- परीक्षण गरिएको रगत मात्र लिने ।
- यौनरोग एच.आई.भी. संक्रमण भएको शंका लागेमा तुरुन्तै स्वास्थ्य संस्थामा गई परीक्षण गरी परामर्श तथा उपचार गर्ने ।
- यौन सम्पर्क गर्दा सही तरिकाले कण्डमको प्रयोग गर्ने ।

## एच.आई.भी. संक्रमण भएमा कहाँ जाने ?

प्रदेश अस्पताल कर्णाली प्रदेशमा रहेको एच.आर.टी. थेरापी सेन्टरमा गएर परामर्श र उपचार लिन सकिन्छ । याद रहोस् यसको सम्पूर्ण जाँच उपचार परामर्श सबै नेपाल सरकारद्वारा नि:शुल्क रुपमा नै उपलब्ध छ । कुनै पनि लाज र संकोचविना नै सेवा परामर्श लिनको लागि सम्पूर्ण सेवाग्राहीलाई अनुरोध गर्दछौं ।

**घरबाट बाहिर निस्कदा अनिवार्य रूपमा माक्सको प्रयोग गरौं, कोरोना संक्रमण बाट बचौं र बचाऔं ।**


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत
फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००
इमेल: provincehospitalsurkhet@gmail.com





# एच.आई.भी. विभाग

## ART Service Department

**अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।**

# एच.आई.भी.




ई.सं. सन् १९८१ मा अफ्रिका देशमा पहिलो पटक देखिएर युरोप, भारत हुँदै नेपालमा भित्रिएको यो अवस्थामा धेरै मात्रामा फैलिसकेको छ । यो अवस्था एच.आई.भी. नामक भाइसरद्वारा हुने गर्दछ ।

## एच.आई.भी. सामान्य जानकारी :

एच.आई.भी. भाइरस हाम्रो शरीरमा प्रवेश गरेदेखि १०-१५ वर्षमा यसका लक्षणहरु देखिन थाल्छन् । यो भाइरसले हाम्रो शरीरको प्रतिक्षा प्रणालीलाई निकै नै कमजोर बनाउने हुनाले हाम्रो शरीरमा अरु रोगका लक्षण पनि देखिन थाल्छन् ।

## एच.आई.भी. कसरी सर्छ ?

- संक्रमित व्यक्तिसँग असुरक्षित तरिकाले यौन सम्पर्क राख्दा
- संक्रमित व्यक्तिको रगत लेनदेन गर्नाले
- संक्रमित व्यक्तिको शरीरका अङ्ग प्रत्यारोपण गर्नाले
- संक्रमित व्यक्तिसँग सुई, सिरिन्ज साटासाट गर्नाले
- संक्रमित आमाबाट नवजात शिशुमा

## किशोर-किशोरीमा यौन तथा प्रजनन् स्वास्थ्य समस्याका कारण :

- प्रजनन् स्वास्थ्य चेतनाको कमी हुनु
- किशोर अवस्थामा विवाह हुनु
- किशोर अवस्थामा गर्भवती हुनु
- असुरक्षित यौन सम्पर्क गर्नु
- असुरक्षित गर्भपतन गराउनु
- असुरक्षित सुईद्वारा लागूपदार्थको सेवन गर्नु
- यौनरोग/एच.आई.भी. संक्रमणको जोखिम हुनु ।



## एच.आई.भी./क्षयरोग सह-संक्रमण :

- एच.आई.भी. संक्रमित व्यक्तिमा क्षयरोगको समेत संक्रमण बढिरहेको छ र एच.आई. भी./क्षयरोग सह-संक्रमणको कारणले हुने मृत्युसमेत बढ्दो क्रममा छ । यसबाट सामान्य नागरिकदेखि परिवार, समुदायका सामाजिक, आर्थिक अवस्थामा नकारात्मक असर पारेको हुन्छ ।
- एच.आई.भी. संक्रमण नभएका व्यक्तिभन्दा संक्रमित भएका व्यक्तिहरुमा क्षयरोगको संक्रमण हुने सम्भावना १० गुणा बढी हुन्छ । तसर्थ समयमै स्वास्थ्य परीक्षण र पूरा उपचार गर्नु पर्दछ ।
- परीक्षण, परामर्श, पूरा उपचार, माया र हेरचाह गरेमा सह-संक्रमणबाट हुने मृत्युदर घटाउन सकिन्छ।